# संघीयता : समावेसी मुद्दाहरू

**जातीय भेदभाव विरूद्ध राष्ट्रिय मञ्च**
सहयोग मार्ग ६२/६३
अनामनगर काठमाडौं, नेपाल
फोन ४१०२५७१, फ्याक्स ९७७-१-४१०२६०५
इमेल : ncard@mos.com.np
वेवसाइट : www.ncard.org.np

# संघीयता : समावेसी मुद्दाहरू

| | |
|---|---|
| **प्रथम संस्करण :** | **२०००** |
| **प्रकाशन मिति :** | **२०६७ श्रावण** |
| | |
|---|---|
| **सर्वाधिकार :** | **जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च** |
| | |
|---|---|
| **सहयोग :** | UNDEF |

# प्रकाशकीय

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ संविधान निर्माण क्रममा रहेको छ । नयाँ संविधान निर्माणको अभ्याससँगसँगै शताव्दीयौं अभ्यास भई असफल भएको केन्द्रीकृत राज्यसत्ताको पुर्नसंरचना गर्ने कार्य पनि चलिरहेको छ । यसै क्रममा, अब बन्ने नयाँ संविधान र राज्यको खाकामा ऐतिहासिक रुपमा पछि पारिएका आदिवासी जनजाति, दलित, मुस्लिम र महिलाहरूको अर्थपूर्ण प्रतिनिधित्व र हक अधिकारको सुनिश्चितता हुनै पर्ने दबाबमुलक अभियानमा यी समुदायहरू विभिन्न कोणवाट क्रियाशिल छन् । यसै अभियानको एक हिस्साको रुपमा जातिय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च (NCARD) ले यी समुदायका संवैधानिक रुपमा सम्बोधन गराउनु पर्ने महत्वपुर्ण मुद्धाहरू जनस्तरसम्म पुगेर संवाद र वहस मार्फत उठान गर्ने, एकतृत गर्ने, सार्वजनीकिकरण गर्ने र कार्यान्वयनको लागि राज्यको सम्वन्धित निकायहरूसम्म पुऱ्याउने कार्य निरन्तर रुपमा गरिरहेको छ ।

यहि सिलसिलामा अव बन्ने संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानमा आदिवासी जनजाति, दलित, मुशिलम लगायतका अल्पसंख्यक समुदायहरूका महत्वपुर्ण संवैधानिक र समावेशी सवालहरू एउटै पुस्तिका भित्र संगाली आम नागरिकहरू सामु पुऱ्याउने प्रयास स्वरुप यो “संघीयतामाः समावेशी सवालहरू” प्रकाशन गरिएको छ । यस पुस्तिकामा, नेपालको धार्मिक अल्पसंख्यक मुस्लिम समुदायको संवैधानिक सवालमा लेख उपलव्ध गराउनु हुने युवा व्यक्तित्व रहमतुल्ला मियाँ, दलित समुदाय र उनीहरूको संवैधानिक मुद्धाहरूमा लेख उपलव्ध गराउनुहुने दलित आन्दोलन एवं अधिकारकर्मी द्वय गजाधर सुनार र हरिवहादुर गान्धारी, अल्पसंख्यक अधिकारको सवालमा लेख उपलव्ध गराउनुहुने अधिवक्ता नीरु श्रेष्ठ र संवैधानिक रुपमा समावेशीकरणको सवालमा लेख दिनुहुने नेपाली आदिवासी आन्दोलनका अगुवा मल्ल के. सुन्दर सवैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । पुस्तकमा ब्यक्त गरिएका विचार तथा तर्कलाई लेखकहरुको निजि अभिब्यक्ति स्वतन्त्रताका रुपमा ग्रहण गरिनु उचित हुन्छ, यद्यपि ती विचारहरु कतिपय प्रसङ्गमा यस संस्थाको आस्था भन्दा पृथक छैनन् ।

साथै, यस पुस्तिका प्रकाशनका लागि आर्थिक सहयोग पुऱ्याउने United Nations Democracy Fund (UNDEF) प्रति हार्दिक आभार व्यक्त गर्दै पुस्तिका प्रकाशनको लागि आ–आफ्नो क्षेत्रबाट सहायोग पुऱ्याउनुहुने सम्पूर्ण एनकार्ड परिवार र “समावेशी संविधानका लागि संवाद अभिवृद्धि परियोजना”का कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु ।

डा. सुमित्रा मानन्धर गुरुङ्ग
अध्यक्ष
जातिय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च
**(NCARD)**

# विषय सूचि

नयाँ संविधान र मुस्लिम समुदाय.......................................रहमतुल्ला मियाँ १

राज्यको पुर्नसंरचना र
अब बन्ने संविधानमा दलित......................हरि बहादुर गान्धारी/गजाधर सुनार ५

नयाँ संविधान र अल्पसंख्यकहरूको अधिकार.................................नीरु श्रेष्ठ १०

संवैधानिक रुपमा समावेशीकरण : एक दृष्टिकोण.............मल्ल के सुन्दर १९

# नयाँ संविधान र मुस्लिम समुदाय

– रहमतुल्ला मियाँ
(महासचिव, मुस्लिम संघ नेपाल)

## पृष्ठभूमि

नेपालमा मुस्लिमहरू परापूर्वकालदेखि नै बसोबास गर्दै आइरहेका हुन् । तर, यिनीहरूको चौतर्फी हक एवं हितका लागि संबैधानिक सुनिश्चितता भने गरिएको देखिदैन । राष्ट्रले जहिले पनि नेपाली मुस्लिमहरूलाई दोस्रो दर्जाको नागरिकको रूपमा हेरिरहेको छ । नीति निर्माण र निर्णय गर्ने अधिकारबाट मुस्लिमहरूलाई सदैव टाढै राखिए । जुनसुकै क्षेत्रमा यिनीहरूको पहुँच नगन्य देखिन्छ । प्रत्येक १०/१० बर्षमा हुने राष्ट्रिय जनगणनामा पनि मुस्लिमहरू ठगिएका छन् । वि.सं. २०५८ सालको जनगणना अनुसार सरकारले मुस्लिमहरूको जनसंख्या ४.२० प्रतिशत अर्थात् ९,५४,०२३ मात्र देखाइए पनि यो संख्या २० लाखसम्म हुनुपर्छ भन्ने मुस्लिम समुदायको आँकलन रहेको छ । राजनीतिक पार्टीहरूले नेपाली मुस्लिमहरूलाई सदैव भोट बैंकका रूपमा मात्र लिए । अहिलेसम्म निर्माण भएका नेपालका ६ वटा संविधानले पनि मुस्लिमहरूको समस्यालाई सही रुपमा सम्बोधन गर्न सकेको देखिदैन ।

यस अर्थमा, नेपालमा सबैभन्दा उपेक्षित अल्पसंख्यक समुदाय मुस्लिम नै हो । मुलुकको साक्षरता प्रतिशत ५५ प्रतिशत रहेको अवस्थामा यिनीहरूको साक्षरता भने २७ प्रतिशतभन्दा कम छ । अझ मुस्लिम समुदायमा उच्च शिक्षितहरू अत्यन्तै न्यून छन् । अशिक्षा, बेरोजगारी, गरिबी जस्ता समस्याहरू मुस्लिम समाजमा व्याप्त छन् ।

मुस्लिमहरूको समग्र विकास र उन्नतिका लागि नेपाली मुस्लिमहरूको पनि राज्य निर्माणमा समानुपातिक प्रतिनिधित्व हुनुपर्ने आवश्यकता देखिन्छ । जबसम्म राज्य संरचनामा मुस्लिमहरूको पहुँच र प्रतिनिधित्व सही रुपमा हुँदैन तबसम्म यिनीहरूको विकास हुन सक्दैन । जनआन्दोलनमा मुस्लिमहरूले पनि अफ्नो प्राणको आहुति दिए तर, यिनीहरूको रगतको मूल्यको सम्मान गरिएको छैन । तसर्थ, राज्यले नेपाली मुस्लिमहरूलाई सार्वभौम नेपाली नागरिकको हैसियतमा हेर्न जरूरी छ । सदियौंदेखि बसोबास गर्दै आइरहेका मुस्लिमहरूको चौतर्फी विकासका लागि संवैधानिक सुनिश्चितता हुनुपर्दछ र उनीहरूको धर्म, संस्कृति र भाषाको संरक्षण एवं सम्वर्द्धन गरिनुपर्दछ ।

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र–१९४८ ले भनेको छ, प्रत्येक व्यक्तिलाई उनको उत्पत्ति, भाषा, धर्म, जाति, लिङ्ग, राष्ट्रियता, राजनैतिक विचारधाराका आधारमा कुनै भेदभाव नगरिकन समान ब्यवहार गरिनु पर्दछ । सो घोषणापत्रद्वारा गरिएका प्रावधानहरू मानव अधिकार, स्वतन्त्रता र अल्पसंख्यकहरूका अधिकारका सन्दर्भमा पनि उत्तिकै आकर्षित हुन्छ । नागरिक एवं राजनैतिक अधिकारसम्बन्धी सन् १९६६ को

अभिसन्धीले पनि धर्म, जाति, भाषा, संस्कृतिको निर्वाध उपयोग गर्न पाउने अधिकारको प्रत्याभूति गरेको देखिन्छ । तर, नेपालका कुनै पनि संविधानले यिनीहरूका सम्वन्धमा सही सम्वोधन गरेको देखिदैन ।

नेपाल सरकार र संयुक्त मुस्लिम राष्ट्रिय समितिबीच २०६५ साल चैत्र ३ गते ६ बुँदे सहमति भएको थियो । उक्त सहमतिमा मुस्लिमहरूको समुदायको विशिष्ट पहिचानको कदर हुनुपर्ने कुरामा सरकार स्पष्ट रहेको र उनीहरूको स्वतन्त्र पहिचानमा बाधा पुऱ्याउने वा ओझेलमा पार्ने विद्यमान संवैधानिक र कानूनी व्यवस्थाहरूलाई आवश्यक प्रक्रिया पूरा गरी संशोधन गरिने कुरा उल्लेख गरिएको थियो । तर, यो समुदायको आफ्नो पहिचानका सन्दर्भमा कानूनी जटिलता अझैं सम्म पनि त्यतिकै रहेको अबस्था छ । मुस्लिम समुदायको विविध क्षेत्रको उत्थान तथा विकास, स्थायी हज कमिटी, मदरसा बोर्ड गठनलगायतका कार्यमा आवश्यक प्रक्रिया पुरा गर्ने र राष्ट्रिय मुस्लिम आयोग अविलम्ब गठन गर्ने भन्ने सहमति भए पनि हालसम्म मुस्लिम आयोगको गठन नहुनु विडम्बना हो । यसैगरी मुस्लिम पर्वहरूमा सार्वजनिक विदा घोषणा गर्ने सहमतिलाई सरकारले कार्यान्वयन गर्न सकेको छैन । एकातर्फ सहमति गर्दै जाने अर्कोतर्फ कार्यान्वयन नगर्ने परिपाटीले यो समुदायमा सरकार प्रति अविश्वास बढ्नु स्वभाविकै हो ।

यसर्थ अल्पसंख्यक मुस्लिम समुदायका निम्नानुसार साझा मागहरूलाई नयाँ संविधानमा सम्वोधन गरिनुपर्छ ।

## मुस्लिम समुदायको स्पष्ट पहिचान

सबैभन्दा पहिलो कुरा मुस्लिमहरूको पहिचानको खाँचो रहेको छ । पहिचान पश्चात नै अधिकार प्राप्ती हुन्छ । यसर्थ नयाँ संविधानमा इस्लाम धर्मावलम्बी मुस्लिमहरूको स्पष्ट परिचय र पहिचान उल्लेख गरिनुपर्छ । मुस्लिमहरू आफ्नै छुट्टै पहिचान बोकेको एउटा समुदाय हो । नयाँ बन्ने संविधानमा उनीहरूको अलग्गै स्पष्ट पहिचान रहेको समुदायको रुपमा सुचिकृत गरिनुपर्छ । नयाँ संविधानमा नेपालको तराई, पहाड र हिमालमा बसोबास गर्ने इस्लाम धर्मावलम्बी मुस्लिमहरूलाई मुस्लिम समुदाय भनी छुट्टै समुदायको रुपमा सुचिकृत गरिनुपर्छ ।

## संवैधानिक मुस्लिम आयोग

नेपालमा अल्पसंख्यक मुस्लिम समुदाय अत्यन्तै पिछडिएको समुदाय हो । यो समुदाय आर्थिक, सांस्कृतिक, सामाजिक, शैक्षिक लगायत चौतर्फी क्षेत्रमा पिछडिएका छन् । यसर्थ यो समुदायको मूल्य एवं मान्यतालाई मनन गर्दै सो अनुरूप मुस्लिमहरूको सर्वाङ्गीण उत्थान र विकास गर्ने निकायका रूपमा संवैधानिक मुस्लिम आयोगको गठन गरिनुपर्छ ।

## विशेष आरक्षणको ब्यावस्था

अल्पसंख्यक मुस्लिम समुदायलाई उनीहरूको हकहितका लागि राज्यले विशेषाधिकार सुनिश्चित गर्नुपर्छ । संविधानमा मौलिक हकमा धार्मिक, सांस्कृतिक, आर्थिक, सामाजिक दृष्टिकोणले पिछडिएको अल्पसंख्यक मुस्लिम समुदायलाई उनीहरूको विकासका लागि कानूनद्वारा विशेष ब्यवस्था तोकिनुपर्छ । सकारात्मक विभेदको नीति अन्तर्गत विशेष आरक्षणलाई प्राथमिकता दिँदै निजामती प्रशासन, स्थानीय विकास, स्वास्थ्य, शिक्षा, सुरक्षा क्षेत्रलगायतका राज्य सञ्चालनका सबै क्षेत्र, तह र अंगहरूमा जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व गराउन संविधानमा विशेष आरक्षणको ब्यवस्था उल्लेख गरिनुपर्छ । यसैगरी संघीय संरचनाका केन्द्र, प्रान्तीय र स्थानीय निकायहरूमा मुस्लिमलाई विशेष ब्यवस्था तोकिनु पर्ने कानूनी व्यवस्थाको प्रत्याभूति संविधानमा गरिनुपर्छ ।

## मद्रसा बोर्डको स्थापना

मुलुकभरका इस्लामी पाठशालाहरूको पाठ्यक्रमको एकरुपता दिन, त्यहाँ दीक्षित जनशक्तिको मान्यता र मद्रसाहरूलाई राज्यको शैक्षिक मूलप्रवाहमा ल्याउनका लागि “मदरसा बोर्ड” को स्थापना गरिनुपर्छ । “मदरसा ऐन” लागू गर्न सकिने गरी कानूनी उपचार संविधानमा गरिनुपर्छ ।

## हज कमिटीको स्थापना

हज गर्न जाने हाजीहरूको लागि “स्थायी हज कमिटी” को गठन हुनुपर्छ । “हज ऐन” अनुसार यो हज कमिटीको गठन गरिनुपर्छ । यसर्थ हज ऐनको ब्यवस्था गरिनुपर्छ ।

## मुस्लिम पर्सनल ल बोर्ड

मुस्लिम समुदाय आफ्नै परम्परा र विशिष्ठ पहिचान बोकेको समुदाय भएकोले यसको आफ्नै रीतिरिवाज र कानूनहरू रहेका छन् । अंशबण्डा, सम्वन्ध विच्छेद, निकाह आदि विषयमा यिनीहरूका आफ्नै नियम कानूनहरू हुन्छन् । राज्यले यी समुदायगत कानूनलाई मान्यता नदिइरहेको अवस्थामा पनि यी कानूनहरू कार्यान्वयन भइरहेका हुन्छन् । यसर्थ यी कानूनहरूलाई मान्यता दिनको लागि मुस्लिम पर्सनल ल बोर्डको स्थापना गरिनुपर्छ । यी पारिवारिक कानूनहरूलाई मान्यता दिने गरी संविधानमा उल्लेख गरिनुपर्छ ।

# निष्कर्ष

संविधानसभाको निर्वाचनपछि नयाँ संविधान बनाउने बेलामा पनि मुस्लिम समुदाय जागेनन् भने आफ्नो अधिकारका लागि उठेनन् भने यो समुदायको उन्नति र प्रगतिमा प्रश्न चिन्ह लाग्न सक्छ ।

नयाँ संविधान बनाउँदा नेपाली मुस्लिमहरूको संवैधानिक सुनिश्चतता, हकहितको संरक्षण एवं सम्वर्द्धन र संविधानसभामा सक्रिय सहभागिताका लागि मुस्लिम एवं अन्य समुदायका राजनीतिक पार्टी, नेता एवं कार्यकर्ता, बुद्धिजीविको सहकार्य अगाडी बढने र राजनीतिक दल, राजनीतिक पार्टीका नेता, संघसंस्था, नागरिक समाजका अगुवा, बुद्धिजीविहरूलाई आवशयक दवाव श्रृजनाा गर्न सक्नु पर्दछ । जबसम्म आफ्ना समस्याहरूलाई आफैं समाधान गर्न मुस्लिम समुदाय सक्षम र तयार हुँदैन तबसम्म यिनीहरूको उन्नति असम्भव छ । अधिकार प्राप्त गर्न संघर्ष गर्नुपर्दछ । संघर्ष नगरिकन कुनै पनि कुरा प्राप्त गर्न सकिदैन । यसैगरी हरेक किसिमको मतभेदलाई त्यागेर सम्पूर्ण मुस्लिमहरू एउटै साझा मोर्चामा उभिन पनि जरूरी छ । अर्कोतिर, आमसञ्चारका माध्यमहरूले पनि यिनीहरूको मागहरू प्रति सकारात्मक भई तीनलाई उचित स्थान दिइनु पर्दछ ।

यसअघि सरकार र माओवादीबीच सम्पन्न भएका कयौं शीर्ष वार्ता र सम्झौताहरूमा नेपाली मुस्लिमहरूलाई कही कतै पनि सम्बोधन गरेको देखिदैन । “नेपालको अन्तरिम संविधान, २०६३” मा पनि मुस्लिमहरूलाई परिलक्षित गरेर कुनै प्रावधान समावेश गर्ने काम भएन, जुन कम पीडादायक छैन । मुस्लिमहरूले लामो समयदेखि अपेक्षा तथा माग गर्दै आइरहेको आरक्षणको व्यवस्थालाई पनि नजरअन्दाज गरिएको छ ।

राज्यले वर्षौंदेखि मुस्लिमका मुद्दाहरूलाई ओझेलमा पार्दै आइरहेको छ । समावेशीकरणको मुद्दा सर्वत्र उठिरहेको वेलामा पनि मुस्लिमहरूका उचित माग तथा मुद्दाहरूलाई प्राथमिकता दिन सकिरहेको देखिदैन । संविधानमा राज्यका निर्देशित सिद्धान्तहरूलाई अझ स्पष्ट पार्न जरूरी छ । राज्य मौलिक हकमा मुस्लिमहरूका समस्याहरूलाई सम्बोधन गर्नुपर्दछ ।

संविधान जस्तो देशको मूलकानून निर्माण प्रक्रियामा अरु जन समुदाय सरहनताको मुस्लिमहरूलाई पनि सहभागि हुने अवसर प्राप्त हुनुपर्दछ ।

धन्यवाद !

# राज्यको पुर्नसंरचना र अब बन्ने संविधानमा दलित

- हरि बहादुर गान्धारी/गजाधर सुनार

## पृष्ठभूमि

इतिहासमा पहिलो पटक संविधान सभाको निर्वाचनबाट करिब अढाई सय बर्ष पुरानो एकात्मक, केन्द्रीकृत, राजतन्त्र र निरक्तकुश शासन व्यवस्थाको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको स्थापना र राज्यको समावेशी अग्रगामी पुनःसंरचनाको तयारीका साथमा राज्य अगाडी बढी रहेको छ । नेपाली जनताले विगतको लामो इतिहासदेखी नै जनआन्दोलन २०६३ सालसम्म पटक पटक आन्दोलन, जन विद्रोह र १० बर्षे माओबादी जनयुद्ध तथा सात दल र माओबादीको आह्वानमा संचालित ०६२/०६३ को ऐतिहासिक दोस्रो जन आन्दोलनको फलस्वरुप संविधान सभा र राज्यको पुनःसंरचना गर्ने ऐतिहासिक कार्य प्राप्त भएको हो । एकात्मक सामन्तवादी प्रणाली र भौगोलिक एकात्मक स्वरुपबाट राज्यको पुनःसंरचना गर्न सबै राजनैतिक पार्टी, संघसंस्था, नागरिक समाज तथा सचेत नेपालीहरू सहमत भइसकेका छन् । यसरी विभिन्न भाषा, जातजाति, वर्ग, क्षेत्र, लिङ्ग र धर्मावलम्बी एवं सम्पुर्ण समुदायको हक हितको संरक्षण, उनीहरूको उपस्थितिका साथै सम्पुर्ण नेपालीले स्वामित्व ग्रहण गर्ने गरी राज्यको पुर्नःसंरचना गरिनु पर्दछ । अब बन्ने राज्यको नया संरचनामा पनि पुरातनबादी सोच, ब्राम्हणबादी चिन्तन र उही पुरानै प्रकारको काम कारबाहि भएमा फेरी अर्को पटक यस देशका नागरिकले आफ्नो हक अधिकार, आफ्नो पहिचान एवं उपस्थितिका लागि संघर्षका चरणबद्ध कार्यक्रमको शुरुवात गर्न नपरोस भन्ने शान्ति र विकास प्रेमी हामी नेपालीको चाहना हो ।

राज्यको विशिष्टताको आधारमा जातजाति, भाषा-भाषी, जनसंख्या, भौगालिक दुर्गमता-सुगमता, आ-आफ्नो सँस्कृति, राज्यको श्रोत साधन, भुमि र खनिज, जल, जंगल, सम्पूर्ण प्रकृति श्रोत साधनको उचित बाँडफाँडको आधारमा राज्यको पुर्नःसंरचना हुनु पर्दछ । एकात्मक र केन्द्रीकृत ढाँचा र प्रणालीको बदलामा स्वायत्त संघात्मक क्षेत्रको अधार खडा गरी राज्यको सम्पूर्ण अधिकार, श्रोत साधनमा सबै जात, वर्ग, लिङ्ग, धर्म, क्षेत्रको समान अधिकार, पहुँच र समान अंशियार बन्न पाउनु पर्छ । बहुलबाद, लोकतन्त्रको पूर्णताको लागि राजनैतिक, आर्थिक, सामाजिक क्षेत्रको अलावा सम्पुर्ण सरकारी, निजी तथ गैर सरकारी संरचनामा समानुपातिक समावेशी सिद्धान्तको आधारमा तयार गरिनु पर्छ । राज्यको पुर्नसंरचनामा सामन्तबादी आर्थिक आधारमा रहेको अहिलेको भूमि व्यवस्थालाई अन्त्य गर्दै वैज्ञानिक भुमि सुधारको आधार अवलम्बन गरिनु पर्दछ । सामाजिक आधारमा रहेको विद्यमान जात-जाती, भाषा-भाषि, वर्ण, संस्कृति तथा व्यक्ति व्यक्तित्वको बीचमा रहेको विभेदलाई अन्त्य गर्दै साँस्कृतिक रुपमा जाति, भाषा, धर्म र साँस्कृतिक क्षेत्रमा रहेको एकात्मक विशेषाधिकारको पनि अन्त्य गरिनु पर्छ । राष्ट्रिय अखण्डतालाई केन्द्र विन्दुमा राखि राज्यको पुर्नसंरचना र सोही अनुसारको अधिकार प्रत्यायोजन गर्ने कामलाई

बिल्कुलै भुल्नु हुदैन । मुलुकको विविधता भित्र एकता खोजेर त्यसलाई बढी भन्दा बढी मजबुत बनाउदै राज्यको पुर्नसंरचना गर्नु अहिलेको मुख्य उदेश्य रहेको देखिन्छ । विगतको राज्य सत्ताबाट शोषित पिडित दलित तथा सम्पूर्ण जनताहरूको अधिकार सुनिश्चित गर्ने यो सुनौलो अवसर हो । सबै प्रकारको जातिय विभेद उन्मुलन गर्ने सम्बन्धी अन्तराष्ट्रिय महासन्धिमा नेपालले हस्ताक्षर गरेको पनि करिब ३९ वर्ष पुरा भईसकेको छ । "छुवाछूत मुक्त राष्ट्र" ०६२/०६३ दोस्रो जनआन्दोलन पश्चात गरिएता पनि प्रभावकारी कार्यान्यवनको कमिले गर्दा घोषणा मै समिति रहन पुग्यो । नेपालको अन्तरिम संविधानले पनि दलित लगायत आदिवासी जनजाति, महिला, मधेसी, अपाङ्ग, अल्पसंख्यक र भौगोलिक रुपले पछाडी परेएको क्षेत्रलाई राज्यको सबै निकायमा समावेशी सिद्धान्तको आधारमा सहभागी हुने अधिकार सुनिश्चित गरीसकेको अवस्थामा राज्यको पुर्नसंरचनामा दलित समुदायको पूर्ण समानुपातिक तथा क्षतिपुर्ति सहित कम्तीमा २०% सहभागिताको सुनिश्चितता कसरी गर्ने भन्ने नै आजको मुल विषय हो ।

## नेपालमा संविधानको विकासक्रम र यसमा दलित

नेपाल राज्यको निर्माणसंगै यहाँ चलन चल्तीमा ल्याइएको कानुन (हालको भाषामा संविधान) लाई दृष्टिगोचर गर्दा लामो समयदेखि संविधानमा नै दलित सम्बन्धी व्यवस्था कुनै न कुनै रुपमा रहेको पाईन्छ । इतिहासलाई सरसर्ति हेर्दा जयस्थीति मल्लको शासन समयमा हिन्दु धर्मावलम्वी ब्राह्मणहरूको जातिय भेदभावमा आधारित नियम कानुन बनाई लागु गरिएको पाईन्छ । त्यसपछि गोरखाका पृथ्वीनारायण शाहको वाणिमा "चार वर्ण छत्तिस जात" को उक्तिले यसलाई पूर्णता दिएको देखिन्छ भने त्यस पछिका राम शाह र जंगबहादुर राणाले वि.स. १९१० मा जातिय छुवाछूत तथा विभेदलाई कानुनी मान्यता दिई लिखित रुपमा जारी गरिएको मुलकी ऐन नै नेपालका जातिय छुवाछूत सम्बन्धी पहिलो लिखित दस्तावेज हो । त्यसै गरी सुधारिएको जहानिय राणा शासन चलाउने कमममा २००४ मा राणा प्रधानमन्त्री पद्म शम्सेर राणाबाट जारी गरिएको 'नेपाल सरकारको बैधानिक कानुन २००४" मा पनि जंग बहादुरको नीतिलाई यथावत राखेको तथ्य देखा पर्दछ । त्यस पछाडीको क्रममा राणा शासनको अन्त्य पछि क्रान्तिको बलमा पुर्नःस्थापित त्रिभुवनबाट जारी २००७ चैत्र २७ गते नेपालको अन्तरिम शासन विधानमा दलित आन्दोलनको दबाब भएता पनि १९१० को मुलुकी ऐनलाई नै प्रश्रय गरेका देखिन्छ भने २०१९ पौष १ गते जारी पंचायती संविधानमा जातिय भेदभाव गर्न नपाइने कानुनी प्रावधानको उल्लेख गरेको देखिन्छ तापनि कार्यान्वियन प्रकृया भने जहाँको तहि नै भएको कुरा हाम्रा सामु छर्लङ्ग छ । त्यसै क्रममा वीरेन्द्रद्धारा २०४७ कार्तिकमा घोषणा गरिएको नेपाल अधिराज्यको संविधानमा जातिय विभेद विरुद्ध संवैधानिक दण्ड सँजायको व्यवस्था गरेका पाइन्छ । यसै प्रकारले नेपालको विधि विधान र दलित आन्दोलनको क्रम बढदै जाँदा २०५४ सालमा उपेक्षित उत्पीडित दलित विकास समितिको स्थापना, २०५८ श्रावण ३२ मा तत्कालिन प्रधानमन्त्रीको ८ बुदे घोषणा पत्रमा दलितको लागि संवोधन, २०५८ चैत्र ६ गते "राष्ट्रिय दलित आयोगको स्थापना तथा २०६३

जेष्ठ २१ गत नेपाल राष्ट्रलाई छुवाछूत मुक्त राष्ट्र घोषणाबाट केही जातिय विभेद विरुद्धका कदमहरू भए पनि पूर्ण रुपमा छुवाछूतलाई अन्त्य गर्ने खालको नीति नियम र प्रणाली तथा दण्ड सँजायको कार्यान्वयनलाई फितलो रुपमा हेरिएकोले २१ औ शताब्दीसम्म आईपुग्दा पनि सामाजिक कलंकको रुपमा विद्यमान छुवाछूत प्रथाले पूर्ण उन्मुक्ति पाउन नसकेको यथार्थ हाम्रो सामु छर्लङ्ग छ ।

विगतदेखि नै धर्म, सँस्कृति र परम्पराको नाममा दलित समुदायलाई शिक्षा, आर्थिक गतिविधि र राज्यसत्तामा सहभागि हुने कुराबाट बञ्चित गरियो । जसको परिणाम स्वरुप दलितहरूको वर्तमान समयमा पनि आर्थिक समाजिक, शैक्षिक र राजनैतिक अवस्था ज्यादै कमजोर रहेको छ । उनीहरू न्युनतम मानविय हक र अधिकारबाट बन्चित भई पशुगत जीवन जिउन बाध्य छन् । यो समुदायको सरकारी संयन्त्रमा प्रतिनिधित्व १ प्रतिशत भन्दा कम र गैरसरकारी निकायहरूमा करिब ३.८ प्रतिशत भएको तथ्याक्त २००४ मा इन्सेक र सेभ द चिल्ड्रेन, युएसले गरेको अध्ययनले देखाउँछ । त्यसै गरेर पटक पटक छुवाछूत मुक्त राष्ट्रको घोषणा विगतका सरकारहरूले गरेतापनि दिनहुँ जसो दलितहरू छुवाछूत तथा विभेदको दर्दनाक शिकारमा परिरहेका छन् । छुवाछूत र भेदभावलाई यसरी टिकाई राख्ने काममा प्रत्यक्ष अप्रत्यक्ष रुपले सरकारमा रहेका र राजनैतिक पार्टी सम्बन्धी मानिसहरूकै भुमिका देखिन्छ । यी पीडा, अन्याय र असमानताहरूको अन्त्य हुन्छ भनेर विभिन्न समयमा दलित समुदायले अफ्नो तर्फबाट त्याग र बलिदान गरेको कुरा तपाइ हाम्रो बीचमा छर्लङ्गै छ । इतिहासका यी क्रमहरूमा दलित समुदायले आफ्नो तर्फबाट गरेको बलिदानका कारण नेपालमा विभिन्न समय महत्वपूर्ण राजनीतिक परिवर्तन हुने गरेको भएतापनि यस समुदायका हक अधिकारहरू सही रुपमा संविधानमा सुनिश्चित हुन सकेनन् । विभिन्न आन्दोलनका क्रममा राजनैतिक पार्टिहरूबाट जुन कुराहरूमा प्रतिवद्धता जाहेर गरिएका हुने गर्दछ, आन्दोलनको सफलता पश्चात सोही अनुरुप दलितहरूको आर्थिक, सामाजिक, राजनैतिक अधिकारहरू सुचिश्चित गराउने कुराहरूमा इमान्दारी नदेखाइएको कुरा विगतका अनुभवहरूले देखाएको छ । त्यसैले अब बन्ने नयाँ संविधानले विगतका तिता अनुभुतिहरूलाई दोहरिन दिनु हुदैन ।

## संविधान सभामा दलितको उपस्थिति

नेपालको अन्तरिम संविधान २०६३ को मस्यौदा समितिमा ढीलै भए पनि एकजना दलितको उपस्थिती गराइए पनि यस अघिका संविधान निर्माणको क्रममा दलित वर्गको प्रतिनिधित्व गराइएको पाइन्न । अन्तरिम संविधानले संविधान सभाको चुनावका लागि मिश्रित निवार्चन प्रणाली अवलम्बन गरेको कारणले वर्तमान संविधान सभामा ४९ जना दलित समुदायका मानिसहरूले प्रतिनिधित्व गरिरहेको छ । तर यसमा ७ जना मात्र प्रत्यक्ष निर्वाचन प्रणाली मार्फत विजय हुन सफल भए । यसरी प्रत्यक्ष र समानुपातिक निर्वाचनबाट करिब ७-८ प्रतिशत मात्र दलितहरूको प्रतिनिधित्व हुन आउँछ । जबकी राज्यले नै १३% दलितहरूको रहेको तथ्याक्त किटान गरेको अनुपातमा उनीहरूको संविधान सभामा उपस्थिति कम रहेको

प्रष्ट हुन्छ । त्यसैले अब बन्ने संविधानमा दलितहरूको प्रतिनिधित्वका लागि पूर्ण समानुपातिक निर्वाचन प्रणालीको नै व्यवस्था गरिनु पर्छ । तर, अहिलेको राज्य प्रणाली र वर्तमान राजनैतिक दलहरूको दृष्टिकोणलाई दृष्टिगत गर्दा न त पूर्ण रुपमा समानुपातिक निर्वाचन प्रणाली अपनाउन तयार देखिन्छन नत निर्वाचन क्षेत्रको आरक्षणको सुनिश्चित गर्नमा तयार देखिन्छ । दलितहरूको प्रतिनिधित्व सुनिश्चित गर्नका लागि राजनैतिक पार्टीहरू पूर्ण समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न प्रतिबद्ध हुनु पर्दछ र त्यसको लागि संविधानमा नै ब्यवस्था गरिनु पर्दछ ।

## नयाँ संविधानमा दलित

संविधान सभा साध्य होइन साधन मात्र हो । त्यसैले आगामी नयाँ निर्माण हुने संविधानले नेपाली परम्परागत राज्य संरचनालाई पुरै फेरबदल गरी नयाँ संरचना सहितको नयाँ नेपालको निर्माण गर्ने खालको ढाँचा प्रस्तुत गर्न सक्नु पर्छ । त्यो नयाँ नेपाल संघीय लोकतान्त्रिक गणतान्त्रिक समानुपातिक समावेशी र सबै प्रकारको विभेदबाट मुक्त रहेको हुनुपर्छ । अब बन्ने नयाँ संविधानमा विभिन्न संघ संस्था, नागरिक समाज र अन्य सबै प्रकारका बिद्धान, विज्ञहरूद्धारा समय समयमा सार्वजनिक गरिएका विचार तथा दस्तावेजहरूलाई एकीकृत गरी दलितका सवालमा तपसिल मुद्दाहरू अनिवार्य समावेश गरिनु पर्छ ।

क) संविधानको प्रस्तावनामै विगतमा राज्यले गरेको विभिन्न खाले विभेदको कुरा स्वीकार गर्दै त्यसको पूर्ण अन्त्यका साथ छुवाछूत मुक्त राष्ट्र स्थापनाका लागि प्रतिबद्धता ब्यक्त गरिएको हुनु पर्दछ ।

ख) जातिय छुवाछूत तथा विभेदलाई १० वर्ष भित्र पूर्ण अन्त्य गर्न प्रतिबद्धता सहित नीति, नियम र कार्यक्रम तयार गरी कार्यान्वियन गर्ने प्रतिवद्धता नयाँ संविधानमा हुनु पर्दछ ।

ग) विद्यमान एकात्मक संरचनालाई पूर्ण रुपमा विस्थापित गर्दै संघियता, स्वायत्त गणराज्य स्थापना गर्दै उक्त गणराज्यहरूमा दलितहरूलाई क्षतिपूर्ति स्वरुप २० प्रतिशत प्रतिनिधित्व हरेक निकाय र तहहरूमा संवैधानिक रुपले नै सुनिश्चित गरिनु पर्दछ ।

घ) दलित समुदाय र यस भित्र पर्ने अल्पसंख्यक समुदायलाई आधारभुत तहदेखि स्नाकोत्तर तहसम्म छात्रवृत्ति, पाठ्य सामाग्री र आवासिय सुविधा समेतको व्यवस्था गरिनु पर्दछ ।

ङ) सबै प्रकार प्रथा (बालिघरे, हलिया, हरूवा, चरुवा, बधुवा, डोली, खलो, ईत्यादी) को पूर्ण रुपमा अन्त्य गरिनुपर्छ ।

च) ५० वर्ष भन्दा माथिका दलित समुदायका सदस्यहरूलाई निर्वाह भत्ताको व्यवस्था गरिनु पर्दछ ।

छ) सुकुम्बासी दलितहरूको पहिचान गरी त्यस्ता समुदायलाई आधारभूत आवश्यकता (शिक्षा, संचार, स्वास्थय आदि) सहितको नमुना आवास तयार गरी वितरण गरिनु पर्दछ ।

ज) अबको नयाँ संविधानले सबै स्तरका निर्वाचनहरूमा पूर्ण समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था गरिनु पर्दछ ।

झ) राज्यको हरेक अंगमा दलितहरूलाई राज्यले विगतमा गरेका विभेदको क्षतिपूर्ति स्वरुप २० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिनु पर्दछ ।

ञ) दलित समुदाय भित्रका अति सिमान्तकृत र अल्पसंख्यक, जात-जाति, गन्धर्व, बादी, डुम, मुसहरलाई विशेष व्यवस्था गरी संरक्षण र विकासको लागि संवैधानिक व्यवस्था गरिनु पर्दछ ।

ट) नयाँ संविधान निर्माण गर्दा प्राकृतिक श्रोत साधन शक्ति र अवसरमा जातिय जनसंख्याको अनुपातमा समानुपातिक सहभागिता सुनिश्चित गराउने व्यवस्था गर्नु पर्छ ।

ठ) सबै राजनैतिक दलको विधानमा गाउँ/इकाई देखि केन्द्र स्तरसम्म दलितको लागि कम्तिमा पनि जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व र नेतृत्वको संवैधानिक सुनिश्चितताको व्यवस्था राजनैतिक दलको मान्यताको योग्यतामा तोकिनु पर्दछ ।

ड) सम्पूर्ण संवैधानिक आयोगमा दलितको अनिवार्य प्रतिनिधित्वको साथै हाल भै रहेको राष्ट्रिय दलित आयोगलाई अधिकार सम्मपन्न संवैधानिक आयोग बनाईनु पर्छ ।

ढ) दलितहरूको परम्परागत सिपको संरक्षरण र आधुनिकरण गर्दै उनीहरूलाई अग्राधिकार दिई यसबाट प्राप्त हुने रोयल्टि दलितहरू कै विकासका लागि खर्च गर्नु पर्दछ ।

ण) दलित समुदायका परम्परागत सँस्कृति, चाडपर्व, मौलिकता तथा वाजागाजा (पञ्चैबाजा, सारङ्गी) आदिलाई राष्ट्रको मौलिक सस्कृतिमा सुचिकृत गरी संरक्षणका साथै राष्ट्रिय संग्राहलयको निर्माण गरी जीवन्तता दिने व्यवस्था गर्नु पर्दछ ।

त) देशको बार्षिक बजेटको १० प्रतिशत बजेट दलितहरूको विकास र उत्थानका लागि छुट्याईनु पर्दछ ।

# नयाँ संविधान र अल्पसंख्यकहरूको अधिकार

**- नीरु श्रेष्ठ**

नेपालमा व्यापक जनसहभागितामुलक प्रकृया अनुसार संविधान सभाद्वारा एउटा नयाँ समावेशी संविधान लेख्ने कार्य हुँदैछ । यसै सन्दर्भमा नेपालका अल्पसंख्यकहरूको अधिकार अब बन्ने संविधानमा कुन रुपमा सुनिश्चित गर्ने भन्ने सम्बन्धमा मुलुकभरि चर्चा भइरहेको छ ।

सामान्यतया अल्पसंख्यक भन्नाले भाषा, धर्म, सस्कृति, क्षेत्र, वर्ग ,लिङ्ग, जाति वा ती मध्ये कुनै वा धेरै कारणले विभेदमा पारिएका र आफ्नो अधिकार उपभोग गर्नबाट बञ्चित गरिएको समुदाय भन्ने बुझिन्छ । अल्पसंख्यकहरू राज्यद्वारा आफूहरू हेपिएको, दबाइएको र भेदभावजन्य व्यवहार गरिएको महसुस गर्दछन् । अल्पसंख्यकहरू मध्ये विभिन्न कारणले राज्यको मुल प्रवाहमा आउन नसकेका वा यसले संरक्षण दिन नसकेका कतिपय समुदायहरू पनि पर्दछन् ।

अल्पसंख्यकहरूको मुख्य मुद्दा विभेदमा पारिएकाले **समानता**, अवसरवाट वञ्चित गरिएकोले **शिक्षा, स्वास्थ्य र रोजगारमा पहुंच**, आर्थिक समानतामा **सकारात्मक पहल सहित आरक्षणको व्यवस्था** र पहिचानमा **भाषा, धर्म, संस्कृतिको राज्यद्वारा संरक्षण र संबर्द्धन** आदि हुन् । उनीहरू आफूमाथि भएका सम्पूर्ण विभेदहरू विरुद्ध संरक्षण चाहन्छन्।

यस अवधारणा पत्रले संविधान सभाले नयाँ संविधान बनाउँदा अल्पसंख्यकहरूको के-कस्ता अधिकारलाई सम्बोधन गर्न सक्दछ तथा यसका लागि विचार गर्नुपर्ने विविध पक्षलाई उल्लेख गर्दछ ।

## परिचय

अल्पसंख्यकको पहिचान गर्ने तत्वहरू निम्न हुन सक्दछन् :

- उनीहरूको संख्या
- राज्यको मुल प्रवाहमा उनीहरूको प्रतिनिधित्वको अभाव
- बहुसंख्यकभन्दा जाति, भाषा, धर्म, संस्कृति आदि कारणले फरक हुनु
- समानता प्राप्त गर्न इच्छुक समुदाय
- राज्यबाट विभिन्न कारणले भेदभाव गरिएको
- अरुलाई प्राप्त सुविधा र अवसरबाट बञ्चित गरिएको
- सामुहिकता र एकताको प्रबल भावना हुनु
- कुनै-कुनै रुपमा शारीरिक वा सामाजिक रुपले शासक समुदायबाट अलग हुनु
- कुनै न कुनै रुपमा शोषित हुनु

विशेषगरी शक्तिको असमान वितरण र एउटा समुदायले अर्को समुदायमाथि गर्ने थिचोमिचो र विभेदकारी व्यवहार अल्पसंख्यकको अवधारणा बुझाउने तत्व हो ।

अल्पसंख्यकलाई सामान्यतया तीन किसिमले वर्गीकरण गर्न सकिन्छ । पहिलोमा जातिय–सांस्कृतिक (एथ्नोकल्चरल) समुदाय पर्दछ । यसबाट आफ्ना मातृथलो भन्दा भिन्न देशमा बसेका आप्रवासी र शरणार्थी र तिनका वंशजलाई बुझिन्छ । दोश्रोमा राष्ट्रिय समुदायलाई लिन सकिन्छ । यसमा छुट्टै भाषा, धर्म वा संस्कृति बोकी परापूर्वकालदेखि बसोबास गर्दै आएका समुदायलाई वुझिन्छ । तेश्रोमा आदिवासी समुदायलाई लिन सकिन्छ । यसमा अघिल्लो समुदायमा भएको सबै विशेषता सहित यो समुदाय विद्यमान बहुसंख्यक वा शासक समुदायहरू आउनु अघि देखि नै आफ्नो भुमिमा बसोबास गर्दैआएको हुन्छ ।

यस अवधारणा पत्रमा नेपालका जात जाति, लिङ्ग, धर्म, क्षेत्र, भाषाको आधारमा दलित, लैगिंक, आदिवासी जनजाति, मधेसी, धार्मिक समुदायलाई अल्पसंख्यक भनि वर्गीकृत गरिएको छ । यिनीहरू परापूर्व कालदेखि विभिन्न आधारमा पछाडि पारिएका समुदायहरू हुन् । राज्यको नीति निमार्ण, निर्णय र कार्यान्वयनको प्रक्रियामा यी समुदायहरूको सहभागिता अत्यन्त न्यून रहेको पाइन्छ । यिनीहरू देशको स्रोत साधन र सामाजिक तथा आर्थिक अवसरहरूवाट पनि बञ्चित गरिएका समुदाय हुन् ।

## आदिवासी जनजाति

सामान्यतया आदिवासी/जनजाति भन्नाले छुट्टै मातृभाषा, खानपान, भेषभूषा, रहनसहन, धर्म तथा भौगोलिक क्षेत्र भएको समुदाय भन्ने बुझिन्छ । उनीहरूसंग सामुहिक पहिचान तथा आफ्नोपनको भावना प्रष्ट रुपमा रहेको हुन्छ । आदिवासी/जनजातिको मुख्य मुद्दा पहिचानको हो । नेपालमा करिब पाँच दर्जन जति आदिवासी/जनजाति रहेको आधिकारिक तथ्याक्त पाइन्छ ।

## भाषिक समूह

नेपालमा ९२ भाषाहरूलाई २००१ को तथ्यांकले उल्लेख गरेको छ । खस नेपाली भाषा बाहेक अरु सम्पुर्ण भाषालाई भाषिक अल्पसंख्यकमा राख्न सकिन्छ ।

## धार्मिक समूह

किरांत, बौद्ध, इस्लाम (मुसलमान), इसाई, शिख, वहाइ, वोन, धामी–झाँक्री (शमनिक) प्रकृतिपुजक (एनिमिस्ट) हरूलाई धार्मिक अल्पसंख्यकमा राख्न सकिन्छ ।

## दलित

राष्ट्रिय दलित आयोगले दुइ दर्जनजति जातिलाई दलितको सुचिमा राखेको पाइन्छ । दलित समुदाय हिन्दु सामाजिक वर्ण व्यवस्थाभित्र जातिय विभेद तथा छुवाछुतको दुर्व्यवहार भोग्दै आएको समुदाय हो ।

## क्षेत्रीय समूह

केन्द्र काठमाण्डौबाहेक हिमाल, पहाड र तराइ क्षेत्र साथै अहिलेसम्मको सन्दर्भमा सुदुर पश्चिम, मध्य पश्चिम, पश्चिम र पुर्वीय विकास क्षेत्रहरू क्षेत्रगत अल्पसंख्यकका रुपमा लिन सकिन्छ ।

## लैङ्गिक

महिला, बालिका तथा यौनिक अल्पसंख्यकहरूलाई यस वर्गमा राख्न सकिन्छ । पितृसत्तात्मक सामाजिक सोचले पुरुषबाट महिलाहरू शोषण र भेदभावको सिकार भएका छन् । आदिवासी जनजाति, दलित महिलाहरू दोहोरो तेहोरो भेदभावमा परेका छन् ।

अल्पसंख्यकहरूको अधिकारहरूमा सामान्यतया :

- उनीहरूले आत्मसम्मानसाथ जीवन बाँच्न पाउने अधिकार;
- पहिचानको अधिकार;
- प्रतिनिधित्वको अधिकार;
- आधारभूत अधिकार;
- सहभागिताको अधिकार;
- आत्म-निर्णयको अधिकार; र
- सहभागिताको अधिकार आदि पर्दछन् ।

पहिचानको अधिकारभित्र भाषिक, धार्मिक, सांस्कृतिक, तथा आफुले परम्परागत रुपमा उपभोग गरिआएको प्राकृतिक स्रोत सम्पदामाथिको हक आदि पर्दछ । प्रतिनिधित्वको अधिकार भन्नाले राज्यको विभिन्न राजनैतिक, प्रशासनिक, न्यायसेवा जस्ता क्षेत्रमा राज्यबाट प्रतिनिधित्वको सुनिश्चितता भन्ने बुझिन्छ । आधारभूत अधिकारमा शिक्षा, स्वास्थ्य, आवास, खाद्यसम्प्रभुता र रोजगारीमा पहुंचको अधिकार पर्दछन् । त्यस्तै सहभागिताको अधिकारमा आफुसंग सम्बन्धित बिकास कार्य योजनामा छलफल, परामर्श गरी त्यसलाई पारित र लागु गर्ने कार्यमा सक्रिय सहभागिता पर्दछ ।

आदिवासीहरूको आत्म-निर्णयको अधिकार भनेको आफ्नो राजनैतिक हैसियत निर्धारण गर्ने स्वतन्त्रता हो । यो आफ्नो आर्थिक, सामाजिक र सांस्कृतिक विकासलाई हासिल गर्ने

स्वतन्त्रता पनि हो । यो अधिकार प्रयोग गर्दा आदिवासीहरूलाई आफ्नो आन्तरिक र स्थानीय विषयहरूमा स्वायत्तता वा स्व-शासनको अधिकार हुन्छ । साथै उक्त कार्यका लागि आर्थिक व्यवस्था र साधनहरूको समेत अधिकार रहन्छ । अर्को शब्दमा आत्म-निर्णयको अधिकार राजनीतिकभन्दा आफ्नो क्षेत्रमा आफै व्यवस्थापन गर्ने विषयसंग सम्बन्धित छ । आत्म-निर्णयको अधिकार राज्य टुक्राउने आधार होइन ।

## अल्पसंख्यकहरूको अधिकार सुनिश्चित गर्ने दिशामा बलियो कानूनी आधारहरू

- संयुक्त राष्ट्र संघबाट सन् १९४८ मा पारित भएको मानव अधिकारको विश्वव्यापी घोषणापत्र
- सन् १९६६ मा पारित गरिएका आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी महासन्धिह नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी महासन्धि,
- महिला विरुद्ध हुने सबै किसिमको भेदभावहरूको उन्मुलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९७९
- जातिय भेदभाव विरुद्ध महासन्धि, १९६६
- रङगभेद सम्बन्धी अपराधको दमन र दण्ड विषयक अन्तर्राष्ट्रिय महासन्धि, १९७३
- सर्वहत्याको अपराधको पूर्वरोक र सजाय विषयक महासन्धि, १९५१
- राष्ट्रिय वा जातिय, धार्मिक वा भाषागत अल्पसंख्यकहरू भित्र पर्ने व्यक्तिहरूको अधिकारहरूको घोषणापत्र, १९९२
- आदिवासी जनजातिहरूका अधिकारको संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७
- अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि १६९, २००७ ले गरेका व्यवस्थाहरू

नेपालले उल्लेखित सबै सन्धिहरू अनुमोदन र हस्ताक्षर गरेको छ । सन्धि ऐन, २०४७ (दफा ९) अनुसार अन्तर्राष्ट्रिय सन्धिहरू नेपाली कानून हुन् । अन्तर्राष्ट्रिय सन्धिमा भएका व्यवस्था नेपाली कानूनसंग बाझिएमा सन्धिको व्यवस्थाले मान्यता पाउँछ । सोही ऐन अनुसार नेपालमा भएका कानून अपर्याप्त भएमा सन्धिमा व्यवस्था गरिएका अधिकार लागू गर्न नयाँ कानून बनाउने समेत राज्यको दायित्व हुन आउँछ ।

## सैद्धान्तिक महत्व

अहिले नेपालमा जात-जातिय, भाषिक, सांस्कृतिक, क्षेत्रगत, लैंगिक र वर्गीय विभेदलाई अन्त्य गर्न धेरैखाले बहस भएका छन् । आदिवासी जनजातिको लागि आत्म-निर्णयको अधिकारसहित जातिय, भाषिक र क्षेत्रगत स्वायत्तताको सुनिश्चितता, संघीय राज्यको

संरचना जाति, भाषा र भूगोलको आधारमा समेत निर्माण गर्नुपर्ने विषयह् त्यस्तै आधा जनसंख्या ओगट्ने महिलाहरूलाई सबै क्षेत्रमा समानुपातिक प्रतिनिधित्व, दलितहरूको लागि जातिय विभेदलाई दण्डनीय गर्दै उपचार स्वरुप क्षतिपुर्तिका साथै रोजगारी, शिक्षा, आवास आदि क्षेत्रमा विशेष पहुंच आदि ।

राज्यले अल्पसंख्यकहरूको अधिकारलाई सुनिश्चित गरी समावेशी समानतामुलक समाजको निमार्ण गर्न सक्दछ । समानताको अधिकारलाई विश्वव्यापी रुपमा सबैले स्वीकारेका छन् । जति पारदर्शी रुपमा अधिकारहरूको वितरण हुन्छ, त्यति नै मात्रामा समाजले विभिन्न रुपमा भइरहेको वा हुनसक्ने मानवीय द्वन्दबाट मुक्ति पाउँछ । आज विश्वमा जति पनि युद्वहरू भएका छन्, त्यस मध्ये धेरैजसो युद्वहरू हुनुको कारण उल्लेखित विषयहरूलाई उचित सम्बोधन नहुनु रहेको छ ।

## नेपाल र अल्पसंख्यकहरूको अधिकार

विक्रम सम्वत्को अठारौं शताब्दिको पुवार्द्धमा नेपालमा राजा पृथ्वीनारायण शाहको राजनीतिक र गोर्खा राज्य विस्तार क्रम सुरु हुन्छ । नयाँ एकिकृत राज्यका भुमि वितरणको प्रणाली तथा भाइभारदारलाई भुमि विर्ताको रुपमा दिइने चलनले यस क्रममा बिजेताहरूलाई क्रमशः स्थापित गर्दै गयो । बिजेताको भाषा, संस्कृति तथा धर्मले पनि नयाँ राज्यमा क्रमशः विशेष स्थान पाउँदै जानथाले ।

राणाकालमा आएर अझ यो अवस्था झन् कठोर हुनपुग्यो । भूमि नै तत्कालिक अवस्थामा आर्थिक सामाजिक हैसियत निर्धारण गर्ने आधार थियो । भूमि हुनेहरूलाई मात्र शिक्षा, रोजगार र अन्य अवसरहरू प्राप्त हुन्थ्यो । जसको कब्जामा भुमि थियो, उसैले मात्र राज्यका विभिन्न निकायमा प्रतिनिधित्व गर्न सक्थ्यो । सुरुमा भूमिको असमान वितरणले हुन गएकाले आर्थिक विभेदले गर्दा अल्पसंख्यकहरूको शिक्षा, स्वास्थ्य, रोजगारी, आय, सामाजिक सुरक्षा र आधारभुत संरचनामा पहुंच हुन सकेन । यसले निरन्तर सामाजिक बहिष्करणलाई टेवा पुग्यो ।

राणा प्रधानमन्त्री जंगबहादुरको पालामा लागु भएको १९१० सालको मुलुकी ऐनले जातिको आधारमा न्यायिक व्यवस्था र राज्यको स्रोतको बाँडफाँड गरेकाले सामाजिक विभेदलाई अझ बढायो । साथै सो ऐनले जातिको आधारमा गरेको श्रमको विभाजनले गर्दा अल्पसख्यक समुदायहरू कानुनी व्यवस्थाबाटै शैक्षिक, व्यवसायिक, रोजगारी जस्ता अवसरहरूबाट बहिष्कृत हुन पुगे । मुलुकी ऐनले  धर्म र राजनीतिलाई पूर्ण रुपले जोडेर राज्य संचालन गऱ्यो । साथै हिन्दु धर्मको आधारमा जन्मिएको जात प्रथा नै दण्डको आधार बनाइयो ।

इतिहासको विभिन्न समयमा शासन गर्ने वर्गहरूबाट भएका निर्णयहरूको कारणले गर्दा दलित, आदिवासी जनजाति मधेशी र महिलाहरू सिमान्तकृत हुन पुगेको अवस्था आज पनि

देख्न सकिन्छ । केहि सकारात्मक पहलहरू भए पनि परम्परागत संरचनालाई माथिल्लो जातका पितृसत्तात्मक सोच भएका शक्तिसम्पन्न समुदायबाट निरन्तरता पाइनै रह्यो । राज्यसत्तामा स्थापित समुदायहरूको शैक्षिक छात्रवृत्ति, राज्य प्रशासन, सैनिक, राजनैतिक दल, कानूनी क्षेत्रमा वर्चस्व भएकोले राज्यका बिकास प्रक्रिया, स्रोत तथा साधन आफ्नो अनुकुल वा आफ्नो सामुदायिक हित हुने गरी परिचालन गर्ने गरेकाले अल्पसंख्यकहरू सिमान्तकृत भएका हुन् । सोही वर्गको  केन्द्रलाई मात्र बढी प्राथमिकता दिने नीतिले गर्दा क्षेत्रीय विभेदको अवस्था पनि उत्पन्न भएको हो ।

नेपाल सरकार संवैधानिक कानून, २००४ मा सबैको लागि अनिवार्य नि:शुल्क प्रारम्भिक शिक्षाको व्यवस्थाले संवैधानिक रुपमा सबैलाई शिक्षाको अधिकार दिएको देखिन्छ । नेपालको अन्तरिम शासन विधान, २००७ ले जातिको आधारमा भेदभाव गर्न नपाउने व्यवस्था गऱ्यो । २०१९ सालको संविधानले नेपाललाई हिन्दु अधिराज्य बनायो । त्यसै गरी एक भाषाको राष्ट्रिय नीतिले गर्दा आदिवासी/जनजातिको पहिचान कानूनी रुपबाटै संकटमा पऱ्यो । २०२० सालको मुलुकी ऐनले छुवाछुत प्रथालाई अन्त्य गरेता पनि कडाइका साथ कानूनको पालना नहुँदा व्यवहारमा अझसम्म लागु छ ।

२०४७ सालको संविधानमा नेपाल बहुजातिय, बहुभाषिक तथा बहुसांस्कृतिक देश भनि उल्लेख गरियो । साथै नेपालमा बोलिने सबै भाषालाई नेपालका राष्ट्रिय भाषाको रुपमा मान्यता दिइयो । धर्म तथा संस्कृतिको बिकास र संरक्षण गर्न पाउने अधिकारसाथै मातृभाषामा प्राथमिक शिक्षा लिन पाउने व्यवस्था पनि गरियो । तर त्यसलाई लागू गर्न राज्यको दायित्व सुनिश्चित गरिएन । यसमा व्यवस्था भएका विषयहरूलाई हेर्दा अल्पसंख्यकहरूको पक्षमा केहि सकारात्मक तत्वहरू रहेको पाइन्छ । यसमा पछाडी परेका समुदायहरूको संरक्षण वा विकास गर्न कानूनद्वारा विशेष व्यवस्था (आरक्षण) गर्न सकिने व्यवस्था गरिएता पनि प्रभावकारी रुपमा लागू भएन ।

आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अन्तर्गत स्थापित आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र सरकारी निर्णयबाट २०५८ मा गठन भएका राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगजस्ता निकायहरूलाई पनि सकारात्मक सयंन्त्रका रुपमा लिन सकिन्छ । यी निकायहरूले पर्याप्त श्रोत र अधिकारको अभावमा अपेक्षाकृत रुपमा आदिवासी जनजाति, महिला, दलितका समस्याहरूलाई सम्बोधन गर्न सकेको पाइँदैन ।

अन्तरिम संविधान, २०६३ ले अल्पसंख्यकहरूको अधिकार विगतमा भन्दा उदार रुपमा व्यवस्था गरेको पाइन्छ । यसमा मौलिक हक अर्न्तगत विशेष गरी आफ्नो मातृभाषा स्थानीय निकायसम्म प्रयोग गर्न पाउने अधिकार सुनिश्चित गरिएको छ । धर्म निरपेक्षताको व्यवस्था पनि गरिएको छ । भेदभावविरुद्धको अधिकार अन्तर्गत छुवाछुत र भेदभावजन्य अभ्यासलाई दण्डनीय बनाउँदै पीडितलाई क्षतिपुर्तिको व्यवस्था गरिएको छ । महिलाहरूलाई सम्पत्तिमा समान अधिकार सुनिश्चित गरेको छ । साथै राज्यको पुरै संरचनामा निश्चित

समयको लागि राष्ट्रले विभिन्न कारणले बञ्चितिकरणमा पारिएका वर्गका लागि समानुपातिक समावेशी नीति अवलम्वन गर्दै आधारभूत आवश्यकता (शिक्षा, स्वास्थ्य, आवास, खाद्यसम्प्रभुता र रोजगारी) मा आरक्षणको व्यवस्था गर्ने उल्लेख गरेको छ ।

## नयाँ वन्ने संविधानमा समावेशका लागि छलफलका विषयहरू

- प्रादेशिक स्वायत्तता, स्वशासन र आत्म–निर्णयको अधिकार
- भाषिक समानता र स्वतन्त्रताको अधिकारका साथै संस्कृतिको प्रमुख आधार भाषाको संरक्षण र बिकास
- शिक्षा तथा सरकारी कामकाजमा मातृभाषाको प्रयोग गर्न पाउने अधिकार
- सबै किसिमका जातिगत विभेद र छुवाछुतजन्य अभ्यासको उन्मुलनको सुनिश्चितता र क्षतिपुर्तिसहित समानताको व्यवस्था
- लैङ्गिक समानताको सुनिश्चिता
- शिक्षा तथा सरकारी सेवामा आरक्षणको नीति तथा कार्यक्रम
- शिक्षा नै आर्थिक, सामाजिक, राजनैतिक विकासको प्रमुख माध्यम भएकोले शिक्षामा अल्पसंख्यकहरूको पहुँचको सुनिश्चितता
- आदिवासी जनजातिहरूको जमिन, जल र जंगल तथा अन्य प्राकृतिक श्रोत साधन माथिको स्वामित्व र अग्राधिकार
- राष्ट्रको सबै संरचना (निकाय) मा अल्पसंख्यकहरूको समानुपातिक प्रवेश गर्न सक्ने आधार
- लोप हुने स्थितिमा पुगेका आदिवासी/जनजातिको संरक्षण र उत्थान
- अति सिमान्तकृत, सिमान्तकृत आदिवासी/जनजातिको पहिचान गरी संरक्षण र संवर्द्धनको लागि प्राथमिकताको क्रम तोक्ने व्यवस्था
- शिक्षा, स्वास्थ, आवास, खाद्यसम्प्रभुता र रोजगारको अधिकारमा अल्पसंख्यकहरूलाई समान पहुंचको अवसर । यस्ता आधारभुत विषयहरूमा निश्चित समयको लागि आरक्षणको व्यवस्था गर्ने
- व्यवस्थापिकाको संरचनाभित्र आदिवासी जनजाति लगायत सबै अल्पसंख्यकहरूको माथिल्लो सदनको व्यवस्था
- विगतका सशस्त्र द्वन्द्वबाट विशेष गरेर प्रभावित भएका महिला, दलित, मधेशी, आदिवासी जनजातिहरूलाई सरकारले क्षतिपूर्ति दिने कुरा
- अल्पसंख्यकहरूलाई प्रभावित पार्ने बिकास कार्य तथा नीति निर्माण, निर्णय र कार्यान्वयन प्रक्रियाहरूमा उनीहरूको परामर्श र सहभागिता अनिवार्य गर्ने

- हरेक जात–जातिप्रति हेर्ने दृष्टिकोणमा परिवर्तनको लागि हदैसम्मको क्षतिपूर्तिसहितको कानूनी व्यवस्था (घृणा भाव र अपमानजनक व्यवहारलाई दण्डनीय गर्ने) ।
- आफ्नो धर्म तथा संस्कृति स्वतन्त्र रुपले प्रचार–प्रसार र प्रवर्द्धन गर्न अधिकार
- दलित, महिला, जनजाति, मधेशी समुदायका लागि निरन्तर कार्यरत राष्ट्रिय आयोग

## संवैधानिक विकल्प

- संघीयता (स्वायत्त राष्ट्रको निर्माण आधार पहिचान)

  **सबल पक्ष :**

  १) नेपालको विविधताको सम्बोधन हुने ।

  २) बहुजनबाट स्वीकारोक्ति हुने ।

  **चुनौती :**

  १) जातिय प्रभाव हावी हुने संभावना ।

  २) गुणात्मक प्रतिनिधीत्वको अभाव हुनसक्ने ।

- जातीय, भाषिक र क्षेत्रीय स्वायत्तता र उपस्वायत्तता

  **सबल पक्ष :**

  १) जातिय र भाषिक पहिचानको संरक्षण र सम्बर्द्धन ।

  २) संख्यात्मक रुपले कम रहेका जातिगत समूहहरूलाई समान अवसरको पहुंच ।

  ३) क्षेत्रगत सन्तुलित बिकासको सम्भावना ।

  **चुनौति :**

  १) संरचनागत संयन्त्रको निमार्णको लागि आर्थिक सिमितता ।

  २) सम्बन्धित विशेषज्ञको अभाव हुनसक्ने ।

  ३) सम्बन्धित क्षेत्रमा रहेका अन्य जात–जाति तथा अल्प संख्यकहरू बिकासको समान अवसरवाट वञ्चित हुन सक्ने सम्भावना ।

- विशेष व्यवस्था र सकरात्मक पहल (आरक्षण केही वर्षका लागी)

  **सबल पक्ष :**

  १) विभेद अन्त्यको प्रभावकारी उपाय ।

  २) चेतनाको अभिवृद्धि ।

  ३) समावेशी बनाउने बलियो आधार ।

  ४) अन्य सरह अधिकारको उपभोग गर्न मद्दत गर्ने ।

  **चुनौती :**

  १) आर्थिक स्रोतको सिमितता ।

  २) क्षमता भएकाहरू पछाडि पर्न सक्ने ।

## निष्कर्ष

अल्पसंख्यकहरूको अधिकारलाई पूर्ण रुपमा सुनिश्चित गर्न संयुक्त राष्ट्रसंघबाट बिकसित भएका मानव अधिकार सम्बन्धी सन्धिहरू र अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि १६९ अनुसारका व्यवस्थाहरूलाई आत्मसात गर्नु आवश्यक देखिन्छ । सबैभन्दा महत्वपूर्ण कुरा संविधानमा व्यवस्था गरिएका अल्पसंख्यकहरूको अधिकारहरूलाई उनीहरूले व्यवहारमा प्रयोग गर्न पाउन चाहिने उपर्युक्त संयन्त्रको सुनिश्चिता संविधानबाटै गराउनेतर्फ प्रयासरत हुनु पनि जरुरी हुन्छ ।

# संवैधानिक रुपमा समावेशीकरण : एक दृष्टिकोण

- मल्ल के. सुन्दर

## विषय प्रवेश

राज्य पुन:संरचनाको वर्तमान राजनीतिक अभियानको एउटा प्रमुख निर्दिष्ट लक्ष समावेशी राज्यसत्ताको निर्माण हो । राष्ट्रिय राजनीतिक सहमतिको आधारमा यसको लागि हामीले रोजेको पद्धति हो - संविधान सभाको माध्यमबाट मुलुकको नयाँ संविधानको खाका कोर्नु । संविधान सभाको गठन पश्चात अहिले हाम्रो वाटो त्यतैतिर उन्मुख रहेकोछ । यद्यपि, विभिन्न ब्यवहारिक कठिनाई र दलहरूबीचको आपसी समभ्कदारीको अभावमा तोकिएको समयमै नयाँ संविधान लेख्ने काम सम्पन्न हुन गाह्रो हुने पो हो कि भन्ने ब्यापक आशंका त्यतिकै छ । त्यो भन्दा गहिरो चासोको विषय भनेको समावेशी राज्यसत्ता निर्माणको लागि निर्दिष्ट गरिएको राजनीतिक लक्ष नयाँ संविधानले प्राप्त गर्न सक्ला कि नसक्ला भन्ने नै हो। तोकिएको समय सीमाभित्रै संविधान निमार्ण सम्पन्न गरेर पनि त्यसले आशातित राजनीतिक लक्ष तिर उन्मुख हुन खोजिएन भने त्यसको तात्विक उपादेयता रहन्न । संविधान निर्माणको वर्तमान राजनीतिक क्रममा सिङ्गो नागरिक समाज चनाखो र जागरुक यसैं सन्दर्भमा भइ दिनु आवश्यक रहन्छ ।

## समावेशी राज्यसत्ता किन ?

स्पष्टत: यतिखेर संविधान सभा राज्य पुन:संरचनाको एउटा लोकतान्त्रिक माध्यमको रुपमा हाम्रो रोजाइ रहेकोछ । तर, संविधान सभा र संविधान निर्माण नै अभिष्ट लक्ष भने होइन । लामो समय सम्मको सशस्त्र द्वन्दको अन्त्य पछि मुलुकले खोजेको कुरा हो स्थायी शान्ति । लोकतन्त्रको संस्थागत विकास तथा सम्वृद्ध नेपाली समाजको निर्माण । यी हुन हाम्रा आकांक्षा, तर यीनको प्राप्तिका उपाय भनेको समानता, स्वतन्त्रता र न्यायका आधारमा खडा गरिएको नविन नेपालको राजनीतिक धरातल । जसलाई वर्तमान राजनीतिक परिप्रेक्षमा हामीले समावेशी राज्यसत्ता भन्न खोजेका छौं । नेपालको सामाजिक यथार्थ - जुन वहुलता र विविधतायुक्त छन् तीनको पृष्ठभूमीका अतिरिक्त ऐतिहासिककालदेखि हालसम्म विद्यमान विभेद तथा अन्याय अर्को पाटो रहेको छ, यी सबैको सही संवोधनको रुपमा राज्यसत्ताको स्वरुपलाई समावेशीमा रुपान्तरण गरिनु अनिवार्य ठानिएको हो ।

समाजिक विविधतालाई राष्ट्रको वोभ्कको रुपमा बुझ्ने हो वा यसलाई राष्ट्रिय विशेषताको अर्थमा अंगिकार गर्ने हो ? नेपालको राज्यसत्ताको मानसिकता विगत अढाई सय वर्षदेखि यी दुई वैचारिक धारबीच द्वन्दको अवस्था रह्यो । एक रुपतालाई नै एकताको आधार हो भन्ने बुझ्ने गलत मानसिकताका कारण सामाजिक विविधताको स्थितिलाई अस्विकार गरिने

काम मात्र भएन वरु विविधतालाई कानूनी अर्थमा वर्जित ठानिए । सोही अनुरुप सत्तासिन ब्यक्ति वा समूह भन्दा पृथक पहिचानका कारण असंख्य जनसमुदाय विभेद र अन्यायका शिकार हुनु पर्‍यो । पहिचानकै आधारमा नेपाली नेपालीबीचमा भिन्न ब्यवहार गर्ने प्रचलनलाई हिजोको राज्यसत्ताले  कानूनी संरक्षण दिंदै आए । राज्यको संहिता वा विधि विधान पनि सोही अनुसार बनाइयो । अनि पहिचानकै आधारमा ठूलो जनसमुदाय नागरिकले पाउने आधारभूत अधिकारवाट वञ्चित भइ दोश्रो दर्जामा दर्जिन पुगे ।

विगतको यथार्थलाई विश्लेषण गरिंदा राज्यसत्ताको संरक्षणमा हुने गरेका विभेद स्पष्टतः तीन प्रकृतिका रहेका थिए । आर्थिक अन्तरसम्बन्धका आधारमा गरिने वर्गीय विभेद, सामाजिक, सांस्कृति आस्था र परम्परा वा पहिचानका आधारमा गरिने समुदायगत विभेद अनि भौगोलिक भिन्नताका आधारमा गरिने क्षेत्रीय विभेद । नेपाली समाजभित्रको अन्तरविरोध तथा अन्तरसम्बन्ध यीनकै आधारमा कायम रहंदै आए । यद्यपि, नेपालको राजनीतिक विकासको क्रममा अनेकन परिवर्तनहरू देखा परे तर नेपाली समाजभित्र लामो समयदेखि कायम रहेको अन्तरविरोध र अन्तरसम्बन्धका स्थितिमा भन्ने कुनै तात्विक परिवर्तन हुन सकेन । अझ यसो भनौं, हामीले हाम्रो सामाजिक अन्तरविरोध र अन्तरसम्बन्धमा युग अनुसार फेरवदल गर्ने चेष्टा नै गर्न सकेनौ । यसको मूल कारण हो, नेपाली समाजसम्बन्धी आजसम्मको हाम्रो बुझाई बस्तुपरक थिएन । समाजको वैज्ञानिक विश्लेषण गर्ने र तीनमा देखिएका समस्याको सही समाधानमा यो हाम्रो असक्षमता नै रह्‌यो । त्यसैले, अनेक पटक राज्यसत्ताको स्वरुप र संरचनामा हेरफेर भइसक्दा पनि नेपाली समाजको सार स्वरुपमा तात्विक रुपान्तरण भइदिएन । आवरणमा केही आधुनिकीकरण उन्मुख देखिएता पनि सारमा अहिले पनि नेपाली समाज विभेदकारी नै रहिआएकोछ । शोषण र अन्यायका तीन वटा  स्वरुपहरू अझै विद्यमान छन् । युगौंदेखि कायम रहेको वर्गीय अन्तरविरोध, समुदायगत अन्तरविरोध र क्षेत्रीय अन्तरविरोधका स्तर र रुपमा केही फेरिए पनि ती नेपाली समाजमा अद्यापि कायम छन् । तर, नेपालको मूल प्रवाहको राजनीतिले भने यस यथार्थलाई लामो समयसम्म आत्मसात गरेनन् । नेपालको राजनीतिकवृतमा वर्गीय समस्याले वाहेक अन्य समस्या र अन्तरविरोधका मुद्दाले प्रवेश पाउन सकेन । यसले गर्दा एकातिर, त्यस प्रवृतिका मुद्दा छलफलको विषय मात्र बन्न नसकेको नभइ ती समस्याबाट पीडीत समुदायहरू राजनीतिकवृतको सरोकारका पात्र समेत बनेन ।

हाम्रो यस प्रकारको राजनीतिक गैरजिम्मेवारीपनाका कारण लामो समयसम्म सरकारी पक्षका साथसाथै गैरसरकारी पक्षबाट वहिष्करणमा पारिंदै आए । पहिचान गरिंदा यसरी वहिष्करणमा पारिएका नेपाली समाजका समुदायहरूमा पहिलो तहमा आर्थिक आधारमा विभेदका शिकार भएका विपन्न, मजदुर, किसान वर्ग पर्न आउँछ । भाषिक, धार्मिक, संस्कृति, परम्परा तथा रितिथितिका आधारमा विभेदमुनी पारिएका अर्को समुदाय भनेका दलित, आदिवासी, जनजाति, भाषिक, मुस्लिम लगायत गैरहिन्दु धार्मिक अल्पसंख्यकहरू अर्को तहमा आउँछन् । मानिसको थाकथलोलाई आधार बनाई सभ्य वा उन्नत र अरुलाई

कमसल वा पिछडिएका भन्नेर वर्गिकृत गर्ने क्षेत्रीय भेदभाव यसै क्रममा आउने अर्को स्वरुपका भेदभाव हुन । यस अतिरिक्त यी पितृसत्तात्मक सोचमा लैङ्गीय रुपमा सम्पूर्ण महिला वर्ग उपर गरिने पक्षपात त चर्को रुपमा छँदैछ । यस प्रकारका विभेदले विचार, विधि र ब्यवहारमा स्थान पाउँदै आउँदा स्वभाविक रुपमा नेपाली समाज युगौंदेखि वहिष्करणवादी बन्दै आए । राज्यत यसको संरक्षक नै रहे । यस्तोमा सामाजिक अन्तरसम्बन्ध र अन्तरविरोध द्वन्दपूर्ण मात्र होइन प्रतिशोधात्मक अवस्थामा पुग्नु अस्वाभाविक थिएन । विगतको सशस्त्र विद्रोह र हिंसात्मक अवस्था तीनकै परिणिति हुन भन्नेर सजिलै बुझ्न सकिन्छ । जुन, दुःखद् र त्रासदिपूर्ण रह्यो ।

नेपाली समाजको अहिलेको गहिरो चाहना भन्नु नै स्थायी शान्तिको स्थापना हो । तर, अन्तरराष्ट्रिय अनुभवले भन्छ, स्थायी शान्तिको संभावना चाहनाले मात्र पर्याप्त हुन्न । यो त मूलभूत रुपमा राजनीतिक ब्यवस्थापनको कुरा हो । वर्तमान नेपाल पनि स्थायी शान्ति स्थापनाका लागि एउटा राजनीतिक ब्यवस्थापनकै क्रममा छ । हाल संविधान सभाद्वारा निर्माण गरिन लागेको नयाँ नेपालको संविधान त्यसैको आधारशिला हो । तसर्थ, यो आधारशिला सही रुपमा निर्माण हुन सकेन भने भावी नेपालको संरचना पनि सोही अनुरुप प्रतिविम्बित हुन पुग्छ र हामीले कामना गरेको स्थायी शान्तिको प्राप्ति असम्भव हुन्छ । अनि, युगौंदेखि विद्यमान सामाजिक अन्तरसम्वन्धको पुनर्व्याख्या र अन्तरद्वन्दको सही सम्बोधन यसका लागि न्यूनतमा आवश्यकता हो । समाजशास्त्रले भन्छ, विविधता र वहुलताबीच ब्यक्ति ब्यक्तिबीचको अन्तरसम्बन्धको स्थायीत्व र अन्तरविरोधको अन्त्यको शुरुवात भनेको केवल समानतामा आधारित न्याय र स्वतन्त्रताले मात्र सुनिश्चित गर्दछ । राज्यपुनःसंरचनाको क्रममा नेपाल प्रयत्नरत यसैको लागि रहेकोछ तथा। समावेशी राज्यको परिकल्पना यसै सन्दर्भमा गरिएको हो । वर्तमान संविधान निर्माणको सफलता र असफलताको मूल कसि यहि नै हो ।

## समावेशीकरणलाई बुझ्ने प्रयास

समावेशीकरण हिजोको वहिष्करणको अन्त्यका लागि खोजिएको राजनीतिक उपचार हो । यस्मा योग्यता र क्षमता अनि अल्पमत र वहुमतको आधार खोजिन सकिन्न, आवश्यकतालाई संवोधन गर्ने राजनीतिक सहमतिको वाटो हो । तसर्थ, यसलाई लोककल्याणकारी समाजको मान्यतामा सकरात्मक विभेदको अर्थमा ब्याख्या गरिएको छ। यहाँ संख्याको गणितिय हिसाबको कुनै अर्थ छैन । हिजो सत्ताद्वारा गरिएको विभेदका कारण पछाडी पारिएका समुदायलाई माथी उकास्न र राजनीतिक रुपमा सशक्तिकरणका लागि गरिने प्रयास हो समावेशीकरण । यो, मात्र अवसरको विषय नभइकन अधिकारसंग सम्वन्धित मुद्दा हो । तसर्थ, यी सब संवैधानिक रुपमै सुनिश्चित गरिनु पर्ने हुन्छ । जबसम्म समाजमा कायमरहेका यस्ता विभेद तथा वहिष्करणको समस्या समाधानका उपायलाई मानवीय अनुग्रहको दृष्टिकोणबाट बुझ्न खोजिन्छ तबसम्म यसको सही निदान हुन्न । त्यो समावेशीकरणको उपाय पनि होइन । कोटा, आरक्षण वा अन्य सुविधाका प्रावधानहरू

तात्कालिक उपचारका वाटो मात्र हुन । समावेशीकरणले खोजेको मूलतः पीडित समुदाय वा ब्यक्तिको अधिकार हो, उपचार मात्र होइन ।

अधिकार उपभोगको सिधा अर्थ हो, राजसत्तासम्मको पहुंचको संवैधानिक सुनिश्चितता । राजसत्ताका सम्पूर्ण प्रक्रियाहरूमा अकुण्ठित सहभागिता र प्रतिनिधित्व यीनका ब्यवहारिक स्वरुपहरू हुन । तर, समावेशीकरणले सहभागिता र प्रतिनिधित्वको अतिरिक्त नेतृत्वको पनि सुनिश्चिता खोज्छ । तसर्थ, पछाडी पारिएका समुदाय तथा ब्यक्तिहरूका लागि नेपालको भावी संविधानद्वांरा सहभागिता र प्रतिनिधित्वका अतिरिक्त नेतृत्वको सवाललाई कसरी ब्यवस्थापन गर्दछ भन्ने कुरा मूल विषय हो । नेपाली समाजमा कायम रहेको द्वन्दलाई प्रभावकारी रुपमा समाधान गरी स्थायीत्व र शान्तिको सुनिश्चित गर्दछ । साथै, भावी संविधानको सफलताका आधार पनि बन्छ ।

## संविधानमा समावेशीकरणका कुरा

अबको नयाँ संविधानले मुलुकको सामाजिक विविधता र वहुलताको यथार्थलाई मात्र उल्लेख गरेर प्रयाप्त हुन्न । समावेशी राज्य निर्माणको आसयमा संविधानको प्रस्तावनामा नै नेपालको सामाजिक विविधता र वहुलतालाई राष्ट्रको एउटा विशिष्टताको रुपमा गर्व गरिनु पर्दछ । साथै, यी विविधता र वहुलताले नेपाल राष्ट्र निर्माणको क्रममा पुऱ्याइएका योगदान तथा भावी भूमिकाको उचित सम्मान र कदर संविधानभित्र गरिनु अनिवार्य हुन्छ । मुख्य कुरा राज्यद्वांरा पछाडी पारिएका समुदाय दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम लगायत गैर हिन्दू, गैरखस भाषाभाषी, महिलाहंरुको भिन्न परिस्थिति र आवश्यकता अनुसार उनीहरूको अधिकारलाई मौलिक अधिकारको रुपमा छुट्टै ब्यवस्था गरिनु अनिवार्य हुन्छ । साथै, कतिपय मामिलामा उत्पीडित समुदायहरूको आवश्यकता अनुसार विशेष संवैधानिक प्रावधानको समेत आवश्यक हुन्छ । विशेषतः आदिवासी जनजातिहरूको परम्परागत कानून र आ–फ्नो ऐतिहासिक थाकथलोभित्रको प्राकृतिक श्रोतमाथीको अग्राधिकार, आत्मनिर्णयको अधिकार र स्वशासन सहित स्वायत्तताको कुरा यस्तै खाले संवैधानिक विशेष ब्यवस्थाका क्षेत्रहरू हुन ।

स्वभाविक रुपमा राज्यसत्ताको सबै नीति निर्माण तहमा सहभागिता र प्रतिनिधित्वका साथै नेतृत्व प्रमुख अधिकारको रुपमा सुनिश्चित हुनु पर्ने हुन्छ । तर, यसमा कुन हैषियत र कुन रुपमा भन्ने कुरा पनि समावेशीकरणको क्रममा त्यतिकै महत्वपूर्ण हुन आउँछ । त्यसैले समानुपातिक संख्या र सामुदायीक प्रतिनिधित्वका सम्वन्धमा पनि संवैधानिक प्रावधान त्यतिकै स्पष्ट हुन पर्दछ । यस अतिरिक्त राज्यश्रोतको उपभोगका सम्वन्धमा उत्पीडित समुदायहरूलाई कुन हैषियत प्रदान गरिन्छ भन्ने कुरा अर्को गम्भीर सवाल हो । संविधान यसमा पनि मौन बस्न मिल्दैन ।

## सार

समावेशी राज्यसत्ताका लागि नयाँ संविधान मूलतः हिजोको उत्पीडन र वहिष्करणको अन्त्य र सम्वन्धित समुदायलाई ऐतिहासिक क्षतिपूर्ति एउटा पाटो हुन भने अर्को महत्वपूर्ण पाटो यस किसिमको विशेष ब्यवस्था हिजो पछाडी पारिएका समुदायहरू अबको नौलो राजनीतिक परिवेश अरु उन्नत समुदाय/समूहहरूको तुलनामा समानस्तरसम्म पुग्न सहज होस भन्ने लोककल्याणकारी राज्यको सिद्धान्तको कार्यान्वयन पनि हो । यस्तोमा, उत्पीडित र पछाडि पारिएका समुदाय कति छिटो र सहज रुपमा सवलिकरण हुन्छ भन्ने रणनीति महत्वपूर्ण हुन्छ । यस किसिमको संवैधानिक प्रावधान कुनै निश्चित समुदायको राजनीतिक सवलिकरणका लागि नभइ केवल सुविधाभोगीको रुपमा दुरुपयोग नहोस् भन्ने होसियारी पनि त्यतिकै आवश्यक हुन्छ । अन्यथा, यस किसिमको संवैधानिक प्रावधानले कालान्तरमा फेरि अर्को विभेद र सामाजिक द्वन्द निम्त्याउने कारक बन्न सक्छ ।